# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

बागमती प्रदेश कार्यालय

## हेटौडा, मकवानपुर

## नेपाल

**डिप्लोमा/प्रमाणपत्र तह र प्रिडिप्लोमा तहको वर्गीकृत (नि:शूल्क) छात्रवृत्ति कार्यक्रमको रिक्त कोटामा बैकल्पिक सुचिमा रहेका परिक्षार्थीहरुले आवेदन दिने सम्बन्धी अत्यन्त जरुरी सूचना (प्रकाशित मिति: २०७८/१०/१०)**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालयको मिति २०७८/०४/३० र २०७८/०५/१८ गते शैक्षिक सत्र २०७८/०७९ का लागि गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम यस कार्यालयबाट प्रकाशित नतिजा अनुसार बागमती प्रदेश अन्तर्गत संचालित शैक्षिक संस्थाहरुमा वर्गीकृत निशूल्क छात्रवृत्ति कोटामा भर्नाको लागि विभिन्न मितिमा गरि पांच पटकसम्म बैकल्पिक सुचिमा रहेका प्रशिक्षार्थीहरु सिफारिस पश्चात पनि रिक्त रहन आएका संस्थाहरुको कार्यक्रमका कोटाहरुमा यस प्रदेश अन्तर्गत वर्गीकृत छात्रवृतिको सोहि तहमा भर्ना प्रक्रियामा सहभागी भई पहिला सिफारिस नभएका र बैकल्पिक सुचीमा रहेका प्रशिक्षार्थीहरुले एउटा कार्यक्रममा मात्र आफ्नो प्रवेश पत्र र एस.ई.ई.को मार्कसिटको प्रतिलिपि संलग्न गरि बागमती प्रदेशको वेबसाइट www.ctevtbagmati.org.np मा रहेको संलग्न ढांचा बमोजिमको आवेदन फारम भरी मिति २०७८/१०/१२ गते कार्यालय समय भित्र कोटा रिक्त रहेको सम्बन्धित संस्थामा दर्ता गराउनहुन र सम्बन्धित संस्थाहरुले प्राप्त हुन आएका आवेदनहरुलाई आफ्नो मूल दर्ता किताबमा दर्ता गरि प्राप्त हुन आएका निवेदनहरु मध्येबाट प्राप्तांकको योग्यताक्रम अनुसार आफ्नो संस्थाको रिक्त कोटा र कार्यक्रमको नतिजा तयार गरि मिति २०७८/१०/१३ गते कार्यालय समय भित्र तयारी नतिजाको scan copy, excel file र मूल दर्ता किताबको scan copy यस कार्यालयको इमेल ठेगाना exam@ctevtbagmati.org.np मा आईपुग्ने गरि पठाउनहुन जानकारी गराईन्छ ।

**नोट: १) प्रमाणपत्र तह नर्सिंग कार्यक्रमको हकमा भने यो सूचना लागु हुने छैन ।कुनै विधार्थीले एक भन्दा बढि संस्था र कार्यक्रममा आवेदन गर्न पाउने छैनन्, सो गरेको पाईएमा स्वत: आवेदन रद्द गरिनेछ ।**

**२) कुनै पनि शिक्षण संस्थाले रिक्त रहेका वर्गीकृत छात्रवृत्तिका कोटाहरु सार्वजनिक नगरी लुकाएको पछि जानकारी हुन आएमा डिप्लोमा तहको छात्रवृत्ति वितरण एबं भर्ना सम्बन्धी निर्देशिका बमोजिम कारबाही हुने व्यहोरा समेत जानकारी गराईन्छ ।**

निर्देशक